नेपाल सरकार

Government of Nepal

# कृषि विकास मन्त्रालय

# Ministry of Agricultural Development

सिंहदरबार, काठमाण्डौ, नेपाल

SInghadurbar, Kathmandu, Nepal

AFACI Asian Food & Agriculture Cooperation Initiative

# एकिकृत बाली पात्रो - मेवा खेती (Integrated Crop Calendar–Papaya)

| महिना | वैशाख | जेष्ठ | अषाढ | श्रावण | भाद्र | असोज | कर्तिक | मंगसिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |



रोप्नलाई तैयार भएको बिरुवा



नर्सरी



मेवाको बगैंचा



फल लागेको बोट



पाक्न थालेको फल



टिपिएको पाकेको फल

**हावापानी :** मेवा उष्णप्रदेशिय गर्मी हावापानी रुचाउने बाली हो । नेपालको तराई देखि ८०० मिटरसम्मको उँचाईमा यसको खेती गर्न सकिन्छ।



**माटो :** पि.एच. ६ देखि ७ सम्म भएको, पानी नजम्ने, गहीरो र प्रशस्त प्राङ्गारिक पदार्थ भएको दोमट माटो उत्तम मानिन्छ।

**जातहरु :** रेड लेडी, फार्म सेलेक्सन १ र पुसा ड्वार्फ ।

**बिरुवा उत्पादन :** एक रोपनी जमिनको लागी २० देखि २५ ग्राम बीउको आबश्यक्ता पर्दछ। नर्सरी ब्याडमा भन्दा प्लास्टीक थैलामा बिरुवा उत्पादन गर्न उपयुक्त हुन्छ।

**जग्गाको तयारी :** जग्गालाई राम्ररी जोतेर झारपात हटाउने तथा पानीको निकासको आबश्यक ब्यवस्था मिलाउने ।

**बिरुवा रोपाई :** नेपालमा सिफारिस गरिएका जातहरु १.९ X १.९ मिटरको दुरीमा बिरुवा लगाउने । दुई फिटको लम्बाइ, चौडाइ र गहिराई हुने गरि खाडल खनेर १५ किलोग्राम कुहेको गोबर मल माटोमा मिलाएर खाल्डोको माथी भागमा राखेर राम्ररी थिच्ने। एक महिना पछि खाल्डोको बिचमा पर्ने गरि बिरुवा राप्ने र सो बिरुवा रोप्नु भन्दा एक हप्ता पहिले नै प्रति खाडल २ किलोग्राम राम्ररी कुहेको गोबर मल र ५० ग्राम डि.ए.पि. मल माटोमा मिसाई हाल्नु पर्दछ।



**मल, सिंचाई र बगैंचाको हेरचाह :** मेवाको प्रत्येक बोटमा बार्षिक २५० ग्राम नाइट्रोजन, २५० ग्राम फोसफोरस र ४०० ग्राम पोटास तत्व पुग्ने गरि प्रत्येक ४/४ महीनामा प्राङ्गारिक मल सहित दिने। माघको अन्तिम हप्ता देखि फाल्गुनको पहिलो हप्ता भित्र प्रति बोट १५ किलोग्रामका दरले गोबर मल हाली सिंचाई गर्ने तर मौसम सुख्खा भएको अवस्थामा मंसिर र जेष्ठ महीनामा सिंचाई गर्ने। प्रत्येक १० पोथी बिरुवाको लागी १ भाले बिरुवा राख्नु पर्छ।





**किरा ब्यवस्थापन :**

**(१) रातो सुलसुले किरा :** यसको नियन्त्रण गर्न केल्थान वा सल्फर २ मिलिग्राम प्रति लिटर पानीमा मिसाएर छर्नु पर्छ।

**(२) फलको औंसा :** नियन्त्रण गर्न नुभान वन मालाथियन २ मिलिग्राम तथा चिनी १० मिलिग्राम प्रति लिटर पानीमा मिसाई हरेक १५/१५ दिनको फरकमा छर्कनु पर्छ।

**(३) मिलिबग :** नियन्त्रण गर्न मालाथियन २ मिलिलिटर प्रति लिटर पानीमा मिसाई छर्कनु पर्दछ।

**(३) लाही किरा:** नियन्त्रण गर्न नूभान वा मालाथियन २ मिलिग्राम प्रति लिटर पानीमा मिसाई छर्ने।



**रोग ब्यवस्थापन :**

**(१) बेर्ना कुहीने रोग :** व्यवस्थापन गर्न माटोलाई २ प्रतिशतको फरमालिनले उपचार गर्ने।

**(२) फेद कुहिने रोग :** नियन्त्रणका लागी १ प्रतिशतको बोर्डोमिक्सचर घोलले बोटको फेदको वरिपरि उपचार गर्ने र फेदमा बोर्डोपेष्ट लगाउने।

**(३) खराने रोग :** नियन्त्रणका लागी सल्फेक्स वा इन्साफ जस्ता सल्फरयुक्त बिषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई छर्कनु पर्दछ।



**(४) गोलो थोप्ले रोग :** देख्नासाथ बोट उखेलर नष्ट गर्नुका साथै नुभान १ मि.लि. प्रति लिटर पानीमा वा मालाथियन २ मि.लि. प्रति लिटर पानीमा मिसाई लाही किरालाई उपचार गर्ने ।

**(५) जराको जुका :** नियन्त्रणको लागी निमको पिना ५० ग्राम प्रति बोटका दरले प्रत्येकको फेदकोमाटोमा प्रयोग गर्नु पर्छ।

**फल टिपाई र भण्डारण :**

मेवाको बोक्राको रङ्ग हल्का हरियो भई फलको टुप्पो पहेंलो भएमा टिप्न लायक हुन्छ । प्याकिङ्ग गर्दा प्रत्येक फललाई कागजले बेरेर केट, टोकरी वा डोकोमा साईज अनुसार हार मिलाएर राख्नु पर्छ र ढुवानी गर्दा एक आपसमा ठोकिई चोट लाग्नबाट बचाउन टिमिक्क हुने गरि प्याकिङ्ग गर्नु पर्छ।




**सन्दर्भ सामाग्री :**


१. द्वैमासिक कृषि, बर्ष २०४९, अंक ६, २०६९ फाल्गुन - चैत्र, कृषि सुचना तथा संचार केन्द्र, कृषि बिकास मन्त्रालय।

२. हाम्रो सम्पदा राष्ट्रिय मासिक, भाग १५, अंक ४, भाद्र २०७२।

३. नेपालमा मेवा खेती प्रतिबेदन, राष्ट्रिय कृषि अनुसन्धान तथा बिकास कोष, पाना नं. २१६/२००४-०५ ।


प्रकाशक : कृषि विकास मन्त्रालय AFACI/ATIN आयोजना, सिंहदरवार, काठमाण्डौ ।